☎०७१-५६०२३०

# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

प.सं. ०७५/०७६/प्रशासन
च.नं. ४९८६.

मिति २०७६।१।१९

**विषय : खाता संचालन सम्बन्धमा ।**

श्री सामुदायिक विद्यालय (सबै)
श्री सबै निकायहरु (नगरपालिका मातहतका)

प्रस्तुत विषयमा यस नगरपालिकाको संचित कोष लगायतका सबै वर्गका खाताहरु गत आर्थिक वर्ष देखि श्री एनआई सी एशिया वैंक लिमिटेड मणिग्राम शाखाबाट संचालित छन् । यसैगरी नगरपालिकाका सम्पूर्ण कारोवारहरु वैङ्किक प्रणाली मार्फत संचालन गरी नगरपालिकालाई **क्यास लेस नगरपालिका** बनाउने उद्धेश्य सहित मिति २०७५।१२।२५ गतेबाट नगरपालिका भवन भित्र नै एनआई सी एशिया वैंक लिमिटेड मणिग्राम शाखाको एक्टेशन काउण्टर संचालनमा आएको छ । उक्त काउण्टर संचालनमा आए पश्चात नगरपालिकाको सबै कर्मचारीहरुको तलव एकाउण्ट, एटिएम सेवा, राजस्व संकलन, उपभोक्ता समितिको खाता, सेवाग्राहीले सेवा शुल्क जम्मा गर्ने लगायतका सेवा प्रवाह र विकास व्यवस्थापनसँग सम्बन्धित रकमको कारोबार उक्त वैंकबाट नै भईरहेको व्यहोरा जानकारी गराउन चाहान्छु।

यसै सन्दर्भमा नगरपालिका मातहतका सबै निकायहरुको वैङ्किङ सेवा तथा कारोवार उक्त वैंकवाट संचालन गराउने व्यवस्था मिलाईदिनको लागि अनुरोध भई आएको हुँदा आफ्नो निकायको अनुकुलता अनुसार तपशील बमोजिम गर्नु हुन अनुरोध गर्दछु ।

तपशील

- आर्थिक प्रशासन शाखाको परामर्शमा आफ्नो निकायलाई पायक पर्ने स्थानमा रहेको उक्त वैकको शाखामा निकाय र निकाय मातहत कार्यरत शिक्षक र कर्मचारीहरुको **तलबी खाता** खोल्ने ।
- नगरपालिकावाट तहाँ निकायमा जाने रकम आर्थिक प्रशासनको प्रक्रिया सकिए पछि नगरपालिकाको संचित कोष वा सम्बन्धित खातावाट तहाँ निकायको खातामा आन्तरिक रुपमै ट्रान्सफर हुने व्यवस्था मिलाउने ।
- थप जानकारीका लागि नगरपालिकाकोमा सम्पर्क राख्ने ।

**कृष्णप्रसाद सापकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**

वोधार्थ :

- श्री नगर प्रमुख । उप प्रमुखको सचिवालय ।
- श्री आर्थिक प्रशासन शाखा, तिलोत्तमा नगरपालिका : आवश्यक सहयोग पुर्याउने ।
- श्री एनआई सी एशिया वैंक लिमिटेड मणिग्राम : आवश्यक सहयोग पुर्याउने ।